# जानकी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गौली, कैलाली

सुदूरपश्चिम प्रदेश, नेपाल

**अनुदानमा घरायसी बायोग्याँस प्लान्ट, विधुतीय चुलो र तह ३ को सुधारिएको चुलोका लागि आवेदन पेश गर्ने सम्बन्धी सुचना**

**(सूचना प्रकाशन मितिः २०८३/०१/२५)**

हरित जलवायु कोषको सहयोगमा वैकल्पिक उर्जा प्रवर्धन केन्द्र द्वारा संचालित स्वच्छ चुलो कार्यक्रम अर्न्तगत जानकी गाउँपालिका र स्थानिय उपभोक्ताको लागत साझेदारीमा खाना पकाउने विभिन्न स्वच्छ उर्जा प्रविधिहरु (घरायसी बायोग्याँस प्लान्ट, विधुतीय चुलो र तह ३ को सुधारिएको चुलो) आ.व.२०८२/२०८३ मा वितरण गर्ने कार्यक्रम रहेको हुँदा जानकी गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने ईच्छुक स्थानियवासीहरुले तपशिल बमोजिमका कागजातहरु सहित आफु बसोबास गर्ने सम्बन्धीत वडा कार्यालयमा सर्म्पक गरी देहायको लागत साझेदारी गर्ने प्रतिवद्धता सहित माग सङ्कलन आवेदन फारम मिति २०८३ जेष्ठ ०८ गतेभित्र पेश गर्नहुन अनुरोध छ।

**आवश्यक कागजातहरु :-**

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ थान (यदि नागरिकतामा स्थायी ठेगाना अन्यत्रको भए बसाईसराई दर्ता, विवाह दर्ता वा स्थानियवासी हो भनी खुल्ने कागजातको प्रतिलिपि)
२) पूर्ण विवरण सहितको माग संकलन फाराम - १ थान (वडा कार्यालयबाट प्रदान गरिने)
३) लक्षित वर्ग (अपाङ्गता व्याक्ति, एकल महिला, द्वन्द पिडित, शहिद परिवार, मुक्त कमैया/कम्हलरी तथा बिपन्न जनजाती परिवार आदि) भए सोको प्रमाणपत्र प्रतिलिपि -१ थान
४) आ.व.२०८२/०८३ को घर कर अनिवार्य तिरेको हुनुपर्ने।
५) विधुतीय चुलोको हकमा सम्बन्धीत उपभोक्ताको घरमा १५ एम्पियर को मिटर जडान भएको हुनुपर्ने।
६) एउटा घर परिवारले आफुलाई आवश्यक पर्ने एक मात्र प्रविधिको लागि आवेदन पेश गर्नु पर्ने।
७) थप जानकारीको लागि हिरा लाल चौधरी (सामाजिक परिचालक) ९८४८५००४०१

**प्रविधिगत लागत साझेदारी विवरण**

| क्र.स. | प्रविधिहरु | हरित जलवायु कोष | वैकल्पिक उर्जा प्रवर्धन केन्द | स्थानीय तह | उपभोक्ता |
|---|---|---|---|---|---|
| १ | विधुतीय चुलो | १०% | ४७.९७% | १९.०९% | २२.९४% |
| २ | तह ३ को सुधारिएको चुलो | ४०% | ४०% | १५% | ५% |
| ३ | घरायसी वायोग्याँस प्लान्ट | २८.३४% | ४८% | १०% | १३.६६% |

भानुभक्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भानुभक्त भट्ट

प्रमुख प्रशासकीय अधिकृत

" शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार
फोन नं. ०९१-५०००७७, ०९१-५०००७९(LEOC) Google Plus Code :H455+W3 Durgauli
E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np
https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali